म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ३२८ २०८१ कार्तिक १४ गते बुधबार 30 October 2024, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-




# मनहरीमा अनुगमन टोलीले शील गरेको ६० बोरा चामल गायब

हेटौंडा: मकवानपुरको मनहरी बजारबाट अनुगमन टोलीले शील गरेको ६० बोरा चामल गायब भएको छ । गत असोज ६ गते मनहरी बजारको मंगलमय ट्रेडर्समा शील गरिएको ६० बोरा चामल हराएको हो । सोमबार शील गरिएको चामलको परीक्षणका लागि नमूना संकलन गर्न जाँदा चामल हराएको पत्ता लागेको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाका प्रमुख काशीनाथ घिमिरेले जानकारी दिए । अनुगमन टोलीले चामल हराएको विषयमा कारबाही गर्न गाउँपालिका कार्यालयलाई लिखित अनुरोध गरेको छ ।

यसअघि ओम कैलाश ब्राण्डका ५३ बोरा र लक्ष्मी राइस मिलबाट उत्पादित ७ बोरा चामल बिक्री बितरण र उपभोग गर्न प्रशासन र गाउँपालिका आफैंले शील गरेको थियो । यी दुई वटा ब्राण्डका चामलका बोरामा उपभोग्य मिति, उत्पादन मिति र ब्याचसमेत नभेटिएपछि चामल शील गरिएको अनुगमन मुचुल्कामा उल्लेख छ । एक महिनाअघि नै शील गरिएको चामलको सोमबार मात्रै नमूना संकलनका लागि मनहरी गाउँपालिकाको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, इलाका प्रहरी कार्यालय मनहरीको टोली पुगेको थियो । नमूना संकलनका लागि जाँदा यसअघि नै शील तोडेर चामल गायब पारिएको थाहा भएको प्रमुख घिमिरेले बताए ।

उनकाअनुसार नमूना संकलनका लागि गएको खाद्यको टोलीले पसलमा बिक्रीका लागि राखेको सोही ब्राण्डको अर्को चामलको नमूना लगेको छ । 'त्यो चामल त हराइसकेको रहेछ । पसलको चामलको नमूना संकलन गरेर ल्याएका छौं', घिमिरेले भने । मनहरी गाउँपालिकाले सोमबार मात्रै खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयलाई प्रयोगशालामा परीक्षणका लागि नमूना संकलनका लागि पत्राचार गरेको घिमिरे बताउँछन् । गाउँपालिकाले शील गरेको लामो समयपछि मात्रै नमूना संकलन गर्न खाद्यलाई पत्राचार गर्नुमा आशंका गरिएको छ ।

'त्यो चामलको गाउँपालिकाले नै निगरानी राखेको हो । हामीलाई परीक्षण गर्न मात्रै भनिएको हो । त्यसको कारबाही पनि गाउँपालिकाबाट संघीय कानुनअनुसार अगाडि बढाउने गरी अगाडि बढेको थियो । अब एक महिनापछि मात्रै नमूना संकलनका लागि गाउँपालिकाले किन बोलायो भन्ने विषय हामीसँग जोडिँदैन', घिमिरेले भने । ६ असोजमा बरामद चामल शील गर्ने अनुगमन टोलीका नेतृत्व गरेका गाउँपालिकाको शाखा अधिकृत शैलेश बाँस्कोटाले शील गरेको एक महिनापछि मात्रै नमूना संकलन गर्न जानुपर्ने अवस्था कसरी आयो भन्ने प्रश्नको जवाफ दिएनन् । 'म अहिले व्यस्त छु । पछि कुरा गर्छु है', बाँस्कोटाले यति भन्दै फोन काटे ।

यस विषयमा थप बुझ्न गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीलाई पटक-पटक फोन र मोबाइलमा सन्देश पठाउँदासमेत उनी सम्पर्कमा आउन चाहेनन् । गाउँपालिकाको सूचना अधिकारी राजेन्द्र भट्टराईले चामल हराएको विषयमा आफूलाई कुनै जानकारी नभएको बताए । 'मलाइ यसबारे केही थाहा छैन । प्रमुख प्रशासकीय अधिकृतज्यू कार्यालयमै हुनुहुन्छ । उहाँसँग नै सोध्नु न', उनले भने ।

नूमना संकलन गर्न पुगेको अनुगमन टोलीले चामल फेला नपरेपछि तयार पारिएको मुचुल्कामा व्यवसायीले नै उद्योगलाई चामल फिर्ता गरेको बुझ्न आएको उल्लेख छ । तर, यसलाई पुष्टि गर्ने आधार नै नभएको अनुगमनमा सहभागी एक अधिकारीले जानकारी दिए । 'मुचुल्कामा व्यवसायीले उद्योगलाई फिर्ता गरेको बुझ्न आएको लेखेर दोषीलाई उम्काउन खोजिएको छ । पुष्टि नै नभएको कुरा मुचुल्कामा लेखिनु सामान्य कुरा हैन', ती अधिकारीले भने ।

गाउँपालिकाका शाखा अधिकृत बाँस्कोटाले उद्योगमै फिर्ता पठाइए पनि व्यवसायीले अनुगमन टोलीलाई जानकारी नै नगराएको बताए । 'शील तोडेर सरकारी नियन्त्रणमा रहेको चामल गायब बनाउने घटनाको पहिलो शंकामा रहेका व्यवसायीले नै मिलमा चामल फिर्ता गरेको भनेपछि मुचुल्कामा लेखिएको हो', उनले थपे । मंगलमय ट्रेडर्सका सञ्चालक ज्योति साहले मनहरी गाउँपालिका-७ नम्बर वडाका वडा सदस्य नवराज सुवेदीलाई सोधेर चामललाई सम्बन्धित मिलमै फिर्ता पठाएको अनुगमन टोलीलाई बताएका छन् । व्यवसायीले पटक-पटक गुनासो गर्न आएपछि 'जहाँबाट ल्याइएको हो त्यहीं पठाइदिनु' भनेर मौखिक जवाफ दिएको वडा सदस्य सुवेदीले स्वीकार गरे ।

*स्रोत: अनलाइनखबर ।*

# पर्व शान्तिपूर्ण मनाउन प्रशासनको अनुरोध

समाज संवाददाता

हेटौंडा: जिल्ला प्रशासन कार्यालय मकवानपुरले दिपावली, नेपाल सम्वत् ११४५, छठ लगायतका राष्ट्रिय पर्वको शुभकामनासहित पर्वहरु शान्तिपूर्ण एवं सौहार्दपूर्ण वातावरणमा मनाउन अनुरोध गरेको छ । पर्वका समयमा जिल्लाभित्र शान्ति सुरक्षालाई प्रभावकारी तुल्याउन व्यापक रूपमा सुरक्षाकर्मी टोल/समुदाय क्षेत्रमा परिचालन गरिएकोले शान्तिपूर्ण एवं सौहार्दपूर्ण वातावरणमा चाडपर्व मनाउन शुक्रबार बसेको जिल्ला सुरक्षा समितिको बैठकबाट भएको निर्णय अनुसार मंगलबार विज्ञप्ति जारी गरिएको छ ।

प्रशासन कार्यालयले देउसी तथा भैलो लगायतका साँस्कृतिक मनोरञ्जनात्मक कार्यक्रमहरू राती ९ बजेसम्म मात्र सञ्चालन गर्न, पटाका, भुईचम्पा, आतिशवाजी जस्ता प्रज्वलनशील, जुवा/तास/लंगुरबुर्जा खेल्ने खेलाउने जस्ता क्रियाकलापहरू नगर्न समेत अनुरोध गरेको छ । आइतबारको नेपाल राजपत्र अनुसार नेपाल सरकारले नेपालभर प्लाष्टिकजन्य फूलगुच्छाको उत्पादन, आयात, विक्री वितरण वा भण्डारण गर्न पूर्णरूपमा रोक लगाएकोले विक्री वितरण नर्गन समेत अनुरोध गरेको छ । विक्री वितरण गरेको पाइएमा प्रचलित कानून कानून बमोजिम कारबाही हुने विज्ञप्तीमा उल्लेख गरिएको छ ।

प्रशासन कार्यालयले सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, निजी तथा संगठित संस्थामा आबद्ध पदाधिकारी एवम् कर्मचारी, सञ्चारकर्मी तथा समस्त मकवानपुर जिल्लावासीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिका लागि जिल्ला प्रशासन कार्यालय, मकवानपुर परिवार शुभकामना समेत व्यक्त गरेको छ ।




# चोरीको अभियोगमा ३ जना पक्राउ

समाज संवाददाता

हेटौंडा: बसमा सँगै यात्रा गरिरहेका यात्रुको पैसा चोरी गरेको आरोपमा मकवानपुर प्रहरीले ३ जनालाई पक्राउ गरेको छ । हेटौंडाबाट चितवनतर्फ जाँदै गरेको ना ५ ख ८१०१ नम्बरको बसमा सवार मकवानपुरको मनहरी गाउँपालिका-६, लोथरका ४९ वर्षीय भरत गौतमको गोजीमा भएको ५१ हजार रुपैयाँ चोरी गरेको अभियोगमा उनीहरुलाई पक्राउ गरेको हो ।

चोरी गरेको अभियोगमा प्रहरीले उदयपुर जिल्लाको त्रियुगा नगरपालिका-१० का ४२ वर्षीय प्रेम दोर्जे शेर्पा, सिन्धुपाल्चोक जिल्लाको लिसंखुपाखर गाउँपालिका-६ का ३२ वर्षीय लाक्पा तामाङ, धनकुटा जिल्लाको छथर गाउँपालिका-३ का ३७ वर्षीय हेमराज श्रेष्ठलाई प्रहरीले लोथर बजारबाट नियन्त्रणमा लिएको छ । प्रहरीले शेर्पाको साथबाट १ लाख ६९ हजार ७१० रुपैयाँ, तामाङको साथबाट ३९ हजार रुपैयाँ र श्रेष्ठको साथबाट ५ हजार ७७० रुपैयाँ बरामद गरेको छ ।

बसमा सँगैको सिटमा यात्रा गरिरहेका उनीहरुले गौतमको पाइन्टको गोजी काटेर चोरी गरेको प्रहरीको भनाइ छ । बसबाट ओर्लिएर घर पुगेपछि गौतमले आफ्नो पैसा चोरी भएको थाहा पाएका थिए । आफ्नो पैसा चोरी भएको भनी थाहा पाएपछि गौतमले प्रहरीलाई खबर गरेका थिए । पक्राउ परेका तीनैजनाले चोरी गरेको स्वीकारेको प्रहरीले जानकारी दिएको छ । चोरीको अभियोगमा पक्राउ परेकाहरुलाई आवश्यक कारवाहीको प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ ।






# प्रकृतिक सन्तुलन, प्रेम सद्भाव र उज्यालोको पर्व तिहारः



✍अमर अधिकारी

तिहार दशैं पछिको ठूलो पर्व हो । यो वर्ष कार्तिक १५ देखि १८ गते सम्म परेको छ । तिहार पर्व कार्तिक कृष्ण पक्ष त्रयोदशीका दिन काग तिहारको नामले शुरु भएर कार्तिक शुक्ल पक्षको द्वितीया तिथिको भाइटीकासम्म (पाँच दिन) मनाइन्छ । नेपालीहरुले दीपावली (दिवाली)को रूपमा यस पर्वलाई धूमधाम सित मनाउँछन् । यस पर्वको नाम हिन्दी शव्दको त्योहार शव्दबाट विकृत हुँदै तिहार बनेको अनुमान लगाइन्छ । यसलाई दीपावली अनि दिवाली नामले पनि जानिन्छ । पाँच दिनसम्म मनाईने तिहारको सम्बन्धमा हिन्दू धर्मशास्त्रका पौराणिक कथाहरू छन् ।

सूर्यका छोरा यमराजले आफ्नी बहिनी यमुनाको निम्तो स्वीकार गरी बहिनीका घरमा गई रमाइलो मनाएको हुँदा यी पाँच दिनलाई यमपञ्चक मानिएको कुरा हिन्दू शास्त्रमा उल्लेख गरिएको छ । यसरी रहँदा-बस्दा यमुनाको व्यवहारले निकै प्रसन्न भई यमराजले बहिनी यमुनालाई जे मन लाग्छ वर माग" भन्दा यमुनाले "हरेक वर्ष आजकै दिन मलाई भेट्न आउनुपर्ने, साथै दिदी-भाइ दाजु-बहिनीको प्रेम सदा अटल रहोस् र दाजु भाइको आयू, कीर्ति सदा वृद्धि होस् भन्ने वरदान मागिन् । यमराजले पनि तथास्तु भन्दै मनसा, वाचा, कर्मणा र शुद्धचित्तले यस प्रकारसँग भ्रातृपूजा गर्ने गराउनेहरूको सदा उन्नति हुने तथा कीर्ति पनि फिँजिने वर दिई आफ्नी बहिनीसँग बिदा भई गएको र यसरी प्राचीन काल देखि अहिलेसम्म अविच्छिन्नरूपले यो पर्व मानिँदै आएको परम्परा छरु। तिहारले एकातिर मानव तथा पशुबीचको प्रगाढ सम्बन्धको चित्र प्रस्तुत गर्छ भने अर्कातिर दाजुभाइ तथा दिदीबहिनी बीचको आत्मीय र पवित्र स्नेह एवं सम्बन्धलाई पनि यसले छर्लङ्ग पार्दछ ।

**सामाजिक महत्व**

तिहारको सांस्कृतिक पक्ष पनि छ । भारत तथा नेपाल कृषि प्रधान देश हुन् । जब कृषक आफ्नो खेतमा सुनौलो फसल उमारेर अन्न रूपी संपत्ति घरमा ल्याउँने समय जब हुन्छ तब उसको खुशी एवं उमंगको सीमा हुँदैन । यस खुशीको अवसरमा उ भगवानको कृपा मानेर कृतज्ञता प्रकट गर्न पूजा गर्दछ । पहिले दशैं अनि त्यसको पन्ध्र दिनपछि आउने तिहार दुवै पर्वमा देवी दुर्गाका विभिन्न रूपहरूको पूजा-आराधना गरिन्छ । सम्पत्तिकी देवी लक्ष्मीको पूजा घरमा अन्न धेरै आओस् भन्ने उद्देश्यमा गरिएको पनि अनुमान गरिन्छ । दक्षिण एशियाका धेरै देशमा विशेष गरि भारत, नेपाल, भूटान र बर्मा म्यानमारमा यो पर्व विभिन्न प्रकारले मनाइन्छ ।

**तिहारका महत्वपूर्ण ५ दिनहरूः**

**काग तिहार**

कार्तिक कृष्ण त्रयोदशीका दिन कागपूजा गरिन्छ । काग अत्यन्त चलाख पक्षी हो । काग सर्वभक्षी प्राणी हो । यसको पूजा गर्नुका विभिन्न कारण छन् । कागले सबैलाई समान दृष्टिले हेर्छ भने यसले अन्नबालीमा लाग्ने कीरा-फट्याङग्राहरू खाइदिन्छ । कागलाई यमराजको सन्देश सुनाउने यमदूतका रूपमा पनि लिइन्छ । काग यमराजको अत्यन्त प्रिय भक्त पनि हो । त्यसैगरी हाम्रो समाजमा प्रचलित काकगवेषणा, काकन्याय, काकबलि आदि विविध शब्द कागसँगै सम्बन्धित छन् ।

धनतेरसः पञ्चाङ्ग बमोजिम प्रत्येक वर्ष कार्तिक कृष्ण पक्षको त्रयोदशीका अथवा काग तिहारका दिन धनवन्तरी त्रयोदशी अर्थात धनतेरस मनाउने चलन छ । धन त्रयोदशी र धनतेरस पनि यसै दिनलाई भन्ने गरिन्छ । यो दिन मूलतः आयुर्वेदका प्रवर्तक धन्वन्तरि र धनका देवता कुबेरको जन्मोत्सव मनाउने पर्व हो । धनतेरसका दिन नेपालको तराइ क्षेत्र र समस्त भारतमा नयाँनयाँ भाँडाकुडा र सुनचाँदीका गरगहना किनमेल गर्ने परम्परा छ । त्यस क्षेत्रमा समाजका उच्च, मध्यम वा निम्न सबै वर्गका व्यक्तिहरूमा आफ्ना आवश्यकता र विलासिताका कतिपय महत्वपूर्ण चिजबिजको किनमेलका लागि वर्षभरि यही विशिष्ट दिनको प्रतीक्षा गर्ने गर्दछन् । यस पर्वमा यसरी नै किनमेल गर्नुपर्छ भन्ने सन्दर्भ कहिले र कसरी आरम्भ भयो भन्ने विषयमा कुनै निश्चित प्रमाण त छैन तर धन्वन्तरिको प्रादुर्भाव समुद्रमन्थनबाट भएको र उत्पन्न हुँदा उनले हातमा अमृतले भरिएको कलश लिएर आएका हुनाले यस दिनलाई भाँडाकुडा किनमेलका लागि शुभ मान्न थालिएको हो ।

**कुकुर तिहार**

यमपञ्चकको दोस्रो दिन अर्थात् कार्तिक कृष्ण चतुर्दशीका दिन कुकुरतिहार मनाइन्छ, जसका सम्बन्धमा विभिन्न धार्मिक एवं सामाजिक मान्यता रहँदै आएको छ । यो दिनलाई नरक चतुर्दशी पनि भनिन्छ । कुकुरलाई पनि यमदूतका रूपमा लिइन्छ । कुकुर यमराजको अर्को प्रियभक्त हो । कुकुरलाई आज्ञापालक एवं रक्षक मात्र मानिँदैन, विभिन्न अपराध गर्ने अपराधीहरू पत्ता लगाउने, अध्ययन-अनुसन्धान गर्ने कार्य पनि कुकुरले गर्छ । कुकुरले घरको रेखदेख तथा चोर-डाँकाबाट बचाउने कार्य गरी मानिसलाई सहयोग गर्दै आएको छ । त्यसैगरी कुनै प्राकृतिक प्रकोप तथा दैवी विपत्ती हुने बेलामा पूर्वसूचना समेत दिन्छ । कुकुरलाई भैरवको बाहन पनि भनिन्छ । त्यसैले हामी कुकुर तिहारमा कुकुरलाई मन पर्ने खाना ख्वाई पूजा गरी माला लगाइदिन्छौं ।

**गाई तिहार अनि लक्ष्मी पूजा**

कुनै पनि धार्मिक वा सामाजिक संस्कार गर्नअघि गाईको गोबरले घर-आँगन लिपपोत गर्ने, गाईको गहुँत सबैतिर छर्केर आफ्ना घर-कोठा-चोटा पवित्र तुल्याउने हिन्दूहरूको संस्कार छ । गाईलाई पशुधनका रूपमा लिइन्छ । हिन्दूहरू गाईलाई लक्ष्मी र गौमाताका रूप मान्छन् । गाईजात्रा, गाईपाला, गाईप्राणी, गौप्राणी आदि शब्दले गाईमा आधारित विविध प्रतीकात्मक अर्थ प्रदान गर्छ । लक्ष्मीलाई धन्यधान्यकी देवी एवं ऐश्वर्यकी प्रतीक मानिन्छ । कार्तिक कृष्ण औंसीको रातलाई अत्यन्त अँध्यारो रातका रूपमा लिइन्छ । यो अन्धकारमा रातलाई उज्यालोको प्रकाशले आलोकित पार्ने कार्य घर-घरमा बत्ती बाली लक्ष्मीको आह्वान गरिन्छ । यसभित्र कुनै पनि किसिमको अन्धकारलाई आफूमा अर्न्तनिहित चेतनाशक्तिको प्रकाशले हटाउनुपर्ने सन्देश पनि पाइन्छ ।

गाईलाई लक्ष्मीको प्रतिकात्मक मानेर त्यसै दिन लक्ष्मीपूजा पनि गरिन्छ । भगवान् रामचन्द्रले लोककल्याणको भावनाले रावणादि विविध असुरहरूको नाश गरेपछि कार्तिक कृष्ण औंसीको दिन अयोध्याको राजाका रूपमा राज्यारोहण गरेको खुसीयालीमा अयोध्यावासीले दीपावली गरेको प्रसङ्ग होस् वा यमराजले यमपञ्चकका पाँच दिन आफ्नी बहिनी यमुनाकहाँ बसेका कारण यस दिन मृत्यु हुने कुनै मानिसले नरक देख्नुनपर्ने विश्वासमा खुसी मनाउँदै दीपावली गर्ने प्रचलन आरम्भ भएको नै किन नहोस् यी सबै प्रसङ्गमा यो दिनको ठूलो महत्व रहेको तथ्य स्पष्ट हुन्छ । सुख-सम्पत्ति र ऐश्वर्य अभिवृद्धिको मनोकामनासहित कार्तिक कृष्ण औंसीका दिन माता लक्ष्मीको विशेष रूपमा पूजाआजा र अर्चना गर्नु तथा त्यसपछि लक्ष्मीकै प्रसाद प्रयोग गरी आफ्ना दराज, सेफ, भण्डार आदिमा स्वस्तिक चिह्न अंकित गर्नु वा शुभलाभ लेख्नु हाम्रो धार्मिक परम्परा हो ।

**भैली अनि देउसी**

अयोध्यावासीहरूले आफ्ना परम प्रिय राजाको आगमनमा खुशियाली मनाएका थिए । श्री रामको स्वागतमा अयोध्यावासीहरूले घिउका दियाहरू बालेका थिए । कार्तिकमासको बाक्लो कालो अमावस्याको त्यो रात्रि दियाहरूको उज्यालोले जगमगाएको थियो । मानिसहरूले घर-घरमा, गल्ली-गल्लीमा देव श्री राम-जसको अर्थ हुन्छः हाम्रा राम देउता हुन् को नारा लाउँदै घुमेका थिए, देव श्री रामबाट विकृत हुँदै देउसिरी राम, देउसिरे, देउसी भएको अनुमान गरिन्छ सोही परम्परालाई मान्दै आजपनि नेपालीहरू देउसी खेल्दै हिंड्ने चलन छ । देउसी खेल्ने टोलीलाई देउसे भनिन्छ र उनीहरूमा एउटा भट्याउने र अरू भट्याउनेको पछि पछि देउसिरे भन्ने हुन्छन् ।

धार्मिक शाास्त्रानुसार बलि नामका राजा पृथ्वीमा राज्य गर्थे, उनी अति नैं दानी थिए, प्रत्येक दिन दान नगरी उनी केहि खादैंनथे । यस पुण्यको प्रतापले स्वर्गादि लोकहरू हल्लिन थाले र देवताहरूले भगवान् विष्णुको प्रार्थना गरे जसमा विष्णुले बलिलाई दमन गरी पाताल पुऱ्याउने आश्वासन दिए । त्यसपछि वामन (बाहुन्ने)को रूप लिएर बलिलाई छल्न विष्णु त्यहाँ गए र तीन पाउ जमिन दानको याचना गरे, यसमा बलिले सोंचे' यो ब्राह्मण त्यसै सानो छ र यसका पाउहरू पनि अति साना छन् र यसले अति थोरै जमिन माग्यो भन्ने भ्रान्तिमा परे तर बलिले दान संकल्प के सकेका थिए वामनको रूप विराट भयो र एउटै पाउले समस्त पृथ्वी ढाकिदियो र अर्को पाउले आकाश त्यस पछि तेस्रो पाउ भरिको जमिन कहाँबाट दिने भनी बलि अन्योलमा परे । उनले आफ्नो थाप्लो थापे, थाप्लोमा विष्णुको पाउ पर्ना साथ बलि भासिएर पाताल पुगे, अन्त्यमा विष्णुसित उनले प्रार्थना गरे कि उनलाई वर्षमा एक पल्ट तिहारको बेला पृथ्वी घुम्ने अवसर दिइयोस्, यस प्रार्थनालाई स्वीकारेर बलिलाई वर्षमा एकपल्ट आउने अनुमति दिए र बलि यहि तिहारको मौकामा घुम्न आउँछन् भन्ने विश्वास गरि बलिको स्वागतमा दीप जलाइएको भन्ने पनि भनाई छ । देउसेहरू बलि राजा आउन नभ्याएको र उनीहरूलाई बलिले पठाएको भनी देउसी भट्याउनेले भन्छन् । स्त्रीजातिहरूले पनि बलिको स्वागतमा बलि गीत विकृतरूप भैली गीत गाउँछन्, औंसीको रातभरि भैली खेल्छन् ।

**गोरू तिहार**

तिहारमा पुजिने अर्को जनावर हो, गोरु । गोरुलाई मानिसले खेत जोत्न, गोरु-गाडा चलाउन प्रयोग गर्दै आएको छ । गोरु घोडाभन्दा लामो समय हिँड्न सक्छ । प्रतिकूल मौसममा पनि धेरै सामान बोक्ने भएकाले यसलाई मानिसले प्रयोग गर्दै आएको हो । हाम्रै मुलुकको कुरा गर्ने हो भने तराईका कतिपय दुर्गम ठाउँमा गोरुगाडा प्रयोग गरिन्छ । गोरु तिहार, हल तिहार वा गोवर्धन पूजा चौथो दिन मनाइन्छ । पौराणिक कथानुसार गोवर्धन गोकुल नजिकै रहेको एक पर्वत हो । विश्वास अनुसार कृष्ण भगवान गोकुलमा गोपालहरूसँग बस्दथे । गोपालहरू देवताका राजा इन्द्रको पूजा गर्ने गर्दथे तर इन्द्रवाट उनीहरूले केही पाउँदैन थिए । कृष्णले एकदिन गोकुलवासीहरूलाई केहि नदिने इन्द्रको पूजा गर्नु भन्दा खनिज, घास, पानी दाउरा दिने गोवर्धन पर्वतको पूजा गर्नु राम्रो हो भन्ने कुरा राख्छन् र सबैजना त्यसै गर्न राजी हुन्छन् र गोवर्धन पर्वतको पूजा हुन्छ । आफ्नो सट्टा गोवर्धन पर्वतलाई पूजा गरेकोले रिसाएका इन्द्रले गोकुलमा असिना र पानीको वृष्ठी गराउँछन् र भगवान कृष्णले गोवर्धन पर्वतलाई हातले उचालेर सवै गोकुलवासीहरूलाई आश्रय दिन्छन् र अन्त्यमा आफ्नो हार मानि गल्तिको लागि कृष्ण समक्ष क्षमा माग्दछन् । भनिन्छ त्यसै समयदेखि गोवर्धन पूजाको आरम्भ भएको हो ।

**भाई तिहार (भाइ टीका)**

तिहारको अन्तिम दिन अर्थात् कार्तिक शुक्ल द्वितीया तिथिका दिन यो पर्व विशेष उत्साहका साथ मनाइन्छ । यो पर्व दिदीले भाईलाई र बहिनीले दाजुलाई अनि त्यसैगरी भाइले दिदीलाई र दाजुले बहिनीलाई विशेष मान (सम्मानका साथ विधिपूर्वक पूजाआजा गर्ने, मेवा मिष्ठान्न आदि मनपर्ने कुरा ख्वाउने, दिदीबहिनीलाई दान दक्षिणा एवं वस्त्र आदि दिने परम्परा छ ।

भाइटीकालाई लामो समयसम्म भेटघाट नभएका दाजुभाइसँग भेटघाट हुने, सम्बन्धमा आएको चिसोपन हटाई मिलन गराउने तथा सम्बन्धलाई अझ दिगो बनाउने माध्यमका रूपमा लिइन्छ । यमपञ्चकको पाँचौं दिन भाइटीका पर्छ । दिदीबहिनीले भाइटीकाको अघिल्लै दिन दाजुभाइलाई भाइटीकाको निम्ता स्वरूप पान सुपारी, फूल आदि दिने चलन । भाइटीकाका दिन टीका नलगाई केही खानु हुँदैन भन्ने मानिसहरूको विश्वास छ । टीकाको दिन बिहानै नुहाएर अष्टचिरञ्जीवीको पूजा गर्नुपर्छ । यमराज, हनुमान्, विभीषण, परशुराम अष्ट चिरञ्जीवीभित्र पर्छन् । भाइटीका गर्न ओखर, तोरीको तेल, बिमिरा, मसला, मखमली, दूबो तथा सयपत्रीको माला, रोटी, मीठा-मीठा परिकारको आवश्यकता पर्छ । सबैभन्दा पहिले दियो, कलश तथा गणेशको पूजा गरी बिमिराको पूजा गरिन्छ । त्यसपछि दाजु-भाईको मंगलको कामना गर्दै ढोकामा ओखरको तथा यमराजको पूजा गरी कालको बाटो छेक्नुपर्छ ।

पानी तथा तेलले ७ घेरा हाली दाजुभाइलाई छेक्नुपर्छ । फूल, अक्षता, चन्दन तथा लाभाले पूजा गरी दाजुभाइको शिरमा तेल लगाइदिनुपर्छ । सगुनका रूपमा दही दिनुपर्छ । भाइटीकाका दिनमा दाजुभाइलाई लगाइदिने मखमली, सयपत्री तथा दूबोको मालाको छुट्टै महत्व छ । मखमली कहिल्यै ओइलाउँदैन, सयपत्रीको रंगकहिल्यै उडेर जाँदैन भने दूबो सधैं हरियै रहन्छ । दिदीबहिनीले दाजुभाइको यश, आरोग्य, दीर्घायूको कामना गर्दै निधारमा सप्तरंगी टीका लगाइदिन्छन् । सप्तरंगी टीकामा भावना मिसिंदा शान्ति बर्षिन्छ । दाजुभाइप्रतिको प्रेम रंगजस्तै गाढा तथा निरोगी भैरहने विश्वास गरिन्छ । दिदीबहिनीले दाजुभाइलाई ढाकाको टोपी लगाइदिन्छन् । यसले आयु बढाउनुका साथै राष्ट्रियता झल्काउँछ । टीका लगाएपछि उपहार आदान-प्रदान गरिन्छ । दाजुभाइ वा दिदीबहिनी नहुनेहरूले रानी पोखरी स्थित मन्दिरमा पूजाआजा गर्छन् ।

**सप्तरंगी टिका**

हिन्दू धर्ममा टीकाको धेरै महत्व छ, पूजा-पाठ पछि टीका थाप्दा आत्मामा धेरै आनन्दानुभूति हुन्छ । टीका विशेषतः रातो वा पहेलो रंगका लगाइन्छ । टीका निधारमा लगाइन्छ । तिहारमा लगाइने टीका सात रंगका हुन्छन्, पहेंलो, नीलो, सुन्तला रंगको, सेतो, हरियो, रातो र कालो । सात रंगका यी टीकालाई सप्तरंगी भनिन्छ । सतरंगी टीकालाई निधारमा उर्द्ध्वाकार रेखामा सिधा लगाइन्छ । २०८१ सालको तिहारको अवसरमा सवैमा हार्दिक शुभकामना । जुवातास, मादक पदार्थलाई कम गर्दै हर्षउल्लासमय वातावरणमा सवैले तिहार पर्व मनाउँ ।

*(स्रोतः गुगल तथा विभिन्न पत्रपत्रिकाहरु)*

# योग-साधना नै जिन्दगी



✍चन्द्रमणि रिमाल

खुसी एउटा यस्तो भावना हो, जुन हाम्रो जीवनको सम्पूर्ण लक्ष्य हो । मानिसले धन, मान, प्रतिष्ठा, परिवार, सम्बन्ध आदिमा सफलता हासिल गरेर खुसीको खोजी गर्न खोज्छ तर साँचो खुसी भौतिक उपलब्धि र बाह्य कारणहरूमा मात्र निर्भर हुँदैन । यस लेखमा हामी जीवनलाई खुसी राख्न सक्ने केही सरल र व्यावहारिक उपायहरूको बारेमा छलफल गरौं ।

खुसीको पहिलो कदम सकारात्मक सोँच हो । जीवनमा नकारात्मक घटना र चुनौती आउँछन् तर तिनीहरूलाई कसरी लिने भन्ने हाम्रो सोच नै मुख्य कुरा हो । सकारात्मक सोच राख्ने बानीले हामीलाई प्रत्येक परिस्थितिमा आशा देख्न सिकाउँछ । कठिनाइको सामना गर्दा सकारात्मक दृष्टिकोणले मानसिक शक्ति प्रदान गर्छ र हामीलाई अघि बढ्न प्रेरित गर्छ ।

आफूलाई स्वीकार्नु र माया गर्नु खुसीको अर्को प्रमुख आधार हो । जब हामी आफ्ना कमजोरी र बलबुतालाई स्वीकार्छौं तब हामी अरूको अपेक्षाबाट स्वतन्त्र रहन सक्छौं । आत्म-सम्मानले जीवनलाई अर्थ दिन्छ र हामीलाई सकारात्मक ऊर्जा दिन्छ । आत्म-स्वीकार र आत्म-प्रेमको अभ्यासले हामीलाई आत्मविश्वासी र आत्मनिर्भर बनाउँछ जसले हाम्रो खुसीलाई अझ सुदृढ बनाउँछ ।

सकारात्मक र सन्तुलित सम्बन्धहरुले खुसीमा ठूलो भूमिका खेल्छ । परिवार, साथीभाइ र समाजसँगका सम्बन्धहरुले हाम्रो मानसिक र भावनात्मक स्वास्थ्यमा सकारात्मक असर पुऱ्याउँछ । सम्बन्धलाई समय दिनु, स्नेह र सहानुभूति प्रकट गर्नु र गहिरो संवाद गर्नुले सम्बन्धलाई सुदृढ बनाउँछ । आफन्तहरूसँग बिताएको हरेक पलले हामीलाई खुसीको वास्तविक अर्थ सिकाउँछ ।

ध्यान र योग मानसिक शान्ति, स्थिरता र सन्तुलन दिन्छ । केही समय ध्यान र योगमा लगाएर आफूलाई तनावबाट टाढा राख्न सकिन्छ । ध्यानले हामीलाई अहिलेको क्षणमा बाँच्न सिकाउँछ र हाम्रा मानसिक विचारलाई नियन्त्रण गर्न मद्दत पुऱ्याउँछ । यसले हाम्रो आत्मिक शान्ति बढाउँछ र दैनिक जीवनमा स्थिरता ल्याउँछ जसले हामीलाई खुसी महसुस गराउँछ ।


सन्तुलित जीवनशैली खुसीको अर्को स्रोत हो । स्वस्थ खानपान, पर्याप्त निद्रा र नियमित व्यायामले हाम्रो शारीरिक तथा मानसिक स्वास्थ्यलाई सुदृढ बनाउँछ । सन्तुलित जीवनशैलीले थकान र निराशाबाट बचाउँछ र शरीरलाई तन्दुरुस्त राख्न मद्दत पुऱ्याउँछ । जब हाम्रो शरीर स्वस्थ रहन्छ तब हामी खुसी महसुस गर्न सक्छौं ।

खुसी ठूलो उपलब्धिमा मात्र नभई साना-छोटा कुरामा पनि लुकेको हुन्छ । बिहानको घाम, एउटा कप चिया, सुन्दर दृश्य वा बच्चाको हाँसोमा पनि खुसी भेट्न सकिन्छ । जीवनका सानासाना खुसीहरुलाई महसुस गर्नुले हाम्रो मनलाई शान्त बनाउँछ । त्यसैले दैनिक जीवनका सानासाना क्षणहरुलाई कदर गर्न सिक्नुपर्छ ।

जीवनमा उद्देश्य र लक्ष्यको महत्त्वपूर्ण भूमिका हुन्छ । एउटा लक्ष्यले हामीलाई प्रेरित गर्छ र अघि बढ्न हौसला दिन्छ । हाम्रो उद्देश्य र लक्ष्य स्पष्ट भएमा हामी दिनहुँ केही नयाँ प्रयास गर्ने प्रेरणा प्राप्त गर्छौं । उद्देश्यको साथ बाँच्दा जीवनलाई अर्थ दिन्छ र हामीलाई खुसी महसुस गराउँछ ।

क्षमा र सहनशीलता खुसीको आधारशिला हुन् । अतीतका कुराहरु सम्झेर र मानिसलाई मनमा बोकेर बस्नुले हामीलाई नै दुःखी बनाउँछ । अरुलाई क्षमा गर्नु र सारा कुरा बिर्सेर अगाडि बढ्न सिक्नुले हृदयमा शान्ति ल्याउँछ । सहनशीलता र क्षमाका साथ बाँच्न सक्दा जीवनमा कुनै पनि नकारात्मकता बाँकी रहँदैन र हामी अझ खुसी बन्न सक्छौं ।

जिन्दगीलाई खुसी राख्नका लागि बाहिरी परिस्थिति र प्राप्ति मात्र होइन, आन्तरिक दृष्टिकोण, सम्बन्ध र आत्म-स्वीकृति पनि अत्यन्तै आवश्यक हुन्छ । खुसीलाई आफ्नो दैनिक जीवनको हिस्सा बनाउन हाम्रा सोच, भावना र व्यवहारलाई सकारात्मक बनाउनु पर्छ । यसरी सरल जीवनशैली, स्वस्थ सम्बन्ध र सकारात्मक दृष्टिकोण अपनाएर जीवनलाई खुसी र शान्तिपूर्ण बनाइराख्न सकिन्छ । आखिर खुसी भनेको जीवनको सन्तुलन र स्वीकार्यताको फल हो ।





**सुयोग श्रेष्ठ**
**कक्षा-५, ब्रम्हदिक् एकेडेमी**
**हेटौंडा-४**

# म र मेरो कलम



**कृतिका हुमागाईं**

तिम्रो सुन्दरता बयान गर्न कलम उठाएँ, शब्द आएन
तिम्रो नयनलाई  कलम उठाए, लब्ज आएन
तिम्रो आत्मा कोर्न कलम उठाए
कल्पना आयो तर, वरण आएन

तिम्रो घड्कनलाई लेख्न कलम उठाएँ, धुन आएन
तिम्रो स्वर लेख्न कलम उठाएँ, सुर आएन
तिम्रो छाया समाउन कलम उठाएँ
अध्यारो आयो तर, उज्जयालो आएन

तिम्रो सम्झनालाई लेख्न फलाम उठाएँ, आकार आएन
तिम्रो अस्तित्वलाई  कोर्न कलम उठाएँ सार आएन
तिम्रो संसार बुझ्न कलम उठाएँ
आकृति अयो, तर जीवन आएन

तिम्रो सुन्दरतालाई बयान गर्न कलम उठाएँ, शब्द आएन
तिम्रो नयनलाई बयान गर्न कलम उठाएँ, लब्ज आएन
तिम्रो माया लेख्न कलम उठाएँ, छन्द आयो
तर भावनाको अन्तय भएन

*कक्षा-१०, सिद्धार्थ माध्यमिक विद्यालय*
*हेटौँडा मकवानपुर*

# मेरो देश



**सान्वी दाहाल**

हिमालको हिउँ राम्रो
तराईको फाँट
यो देश बनाउने
म भित्र छ आँट ॥

चन्द्र सूर्य फहराउने
शिर सगरमाथा
गोर्खालीको देश यो
गाउँछन् सबले गाथा ॥

बुद्ध सिता यहि जन्मे
जनकको राज
सबैलाई राम्रो लाग्ने
मेरो प्यारो देश ॥

डाफैं, मुनाल, मृग नाच्छन्
मयुरको ताती
परदेश जानु हुन्न
यतै बसौं साथी

*कक्षा-४, जिएस निकेतन*

# साथीलाई चिठ्ठी

मिति : २०८१/०५/१५



प्रिय साथी,
प्रतिष्ठा श्रेष्ठ

मिठो सम्झना अनि धेरै धेरै माया । आशा छ तिमी लगायत तिम्रो परिवारलाई त्यहाँ आराम नै होला । म लगायत मेरो परिवारलाई पनि यहाँ सन्चै छ । तिमीले पठाएको चिठी मैले यही हाप्ता पाएको थिएँ । जब मैले तिमीले पठाएको चिठी पाएको थिएँ तब मेरो खुसीको सिमा नै थिएन । तिमीले मलाई आफूले पढेको पुस्तकको विवरण चिठी मार्फत दिन भनेको रहेछौ । उक्त चिठी पढेपछि थाहा भयो । यो कुरा पढेर मलाई अत्यन्तै खुसी लाग्यो । त्यसैले तिम्रो इच्छालाई मध्यनजर गर्दै यो चिठी लेखेकी छु । आशा छ तिमीले यो चिठी मार्फत केही सिक्ने मौका पाउनेछौ ।

मैले गत महिना पढेका अन्य किताबहरु मध्ये एउटा किताबले निकै प्रभावित पारेको छ, जसमा अलेक्जेण्डरको जीवनीको बारेमा लेखिएको छ । ओमप्रकाश खरेलले सम्पादन गर्नु भएको ९० पृष्ठको यस किताबले अलेक्जेण्डरको विश्व साम्राज्य विस्तारमा उनको उदय र पतनलाई सविस्तारमा व्याख्या गरेको छ । इ.पू. ३५६ मा पिता फिलिप द्वितीय र माता ओलम्पियाजको कोखबाट जन्मिाएका अलेक्जेण्डरलाई बालक उमेरमा नै एकदिन पछि गएर विश्व विजेता बन्ने भविष्यवाणी त्यति खेरका प्रख्यात ज्योतिष वर्गहरुले भनेको कुरालाई उल्लेख गरिएको छ । हुर्किदै बढ्दै जाँदा आफ्नो बुवाको कौशल र रणनीतिहरुलाई नजिकबाट नियाल्दै एकदिन विश्व समुदायमा आधिपत्य कायम गर्ने सपना बोकिसकेका थिए । यस किताबमा अलेक्जेण्डरले प्रदर्शन गरेका केही चामत्कारिक कार्यहरुलाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ ।

१२ वर्षको उमेरमा कसैले काबु गर्न नसकेको घोडालाई काबु गर्नु, सात वर्षको उमेरमै शत्रु राज्यको कमिकमजोरीको बारेमा पर्याप्त जानकारी लिनु, सानै उमेरमा राजा बन्नका लागि पार गर्नुपर्ने जटिल क्रियाकलाप सजिलै पार गर्नु आदि । ३२ वर्षको उमेरमा पिता फिलिप द्वितीयको निधन पछि मेसोडोनियाको राजाका रुपमा उदय भएका उनले आन्तरिक सङ्घर्षहरुलाई व्यवस्थापन गर्दै विश्व विजय बन्ने यात्रामा पश्चिम सभ्यताको केन्द्र युनानदेखि एसिया पूर्वी क्षेत्र भारतसम्म १२००० माइलसम्मको साम्राज्य विस्तार गरेका थिए । उनको रणनीतिक क्षमता, सैनिक संगठन दक्षता, वौद्धिकता, युद्ध क्षमताबाट त्यस समयमा विश्व समुदाय त्रसित भएका थिए भन्ने कुरा यस किताबमा उल्लेख गरिएको छ । उक्त किताबमा अलेक्जेण्डरले कसरी आफ्नो वौद्धिकता तथा नेतृत्व क्षमताबाट विश्वको अधिकांश राज्य जित्न सफल भएको कुरा व्यक्त गरिएको छ ।

यस किताबबाट हामीले सकारात्मक सोचका साथ तथा आफ्नो वौद्धिक क्षमताको उचित ढङ्गले प्रयोग गरेर लक्ष्य प्राप्तिमा जोड दियौं भने हामी एक न एक दिन सफल हुनेछौं । त्यति मात्र नभएर कुनैपनि व्यक्तिमा नेतृत्व क्षमता हुनु निकै आवश्यक छ । अलेक्जेण्डर जस्तै राणनीतिक क्षमता, वौद्धिकता, सैनिक संगठन दक्षता, कौशल, युद्ध सीप जस्ता जति नै ठूलो सपना भएपनि साकार गर्न सकिन्छ । आफू वौद्धिकताको उचित प्रयोग गर्दै सकारात्मक बाटोमा हिँड्ने हो भने जस्तो सुकै कठिनाइलाई पनि समाधान गरेर आफ्नो लक्ष्य हासिल गर्न सक्छौं भन्ने शिक्षा हामीले यस पुस्तकबाट सिक्न सक्छौं । मैले यस पुस्तकबाट प्रभावित भएर आफूभन्दा साना-साना भाइबहिनीलाई आफ्नो क्षमताको उचित प्रयोग गरी सफलताको बाटोमा हिँड्न भनेकी छु । आशा छ तिमीले पनि आफ्नो भाइबहिनीलाई यसरी नै प्रोत्साहन गर्नेछौ ।

विश्व विजेता अलेक्जेण्डर महानको दूर्लभ जीवन गाथामा सिर्जित यो पुस्तक मलाई निकै राम्रो लाग्यो । यस पुस्तकबाट हामीले माथि उल्लेखित शिक्षा बाहेक अन्य कुराहरु पनि सिक्न सक्छौं । आफ्नो लक्ष्यमा निरन्तर लागी रहनु यस पुस्तकको सन्देश पनि हो । हामीले यस पुस्तकबाट रणनीतिक क्षमता कस्तो हुन्छ, वौद्धिकताको प्रयोग लगायत कुराहरु सिक्न सक्छौं । मलाई त अलेक्जेण्डरको जौवनीमा आधारित यो पुस्तक अत्यन्तै राम्रो लाग्यो ।

आशा छ तिमीले यस चिठी मार्फत थोरै भने पनि केही सिक्न पायौ होला । यदि तिमीलाई अझ विस्तारित रुपमा बुझ्न मन लागेमा नजिकै पुस्तकालयबाट पढ्न सक्छौं । यति भन्दै म आफ्नो चलिरहेको कलमलाई यहि रोक्न चाहन्छु । तबसम्म आफू र आफ्नो परिवारको चाहिँ ख्याल गर्दै गर्नु ।

**उहि तिम्रो प्यारो साथी,**
**युनिशा खड्का**
**ज्योति माध्यमिक विद्यालय**
**हेटौँडा-१८, हर्नामाडी**

(साहित्य संगम मकवानपुरले १७औं राष्ट्रिय पुस्तकालय दिवसको अवसरमा आयोजना गरेको "पछिल्लो समयमा आफूले पढेको पुस्तकको समीक्षासहित मिल्ने साथीलाई चिठी लेखन" प्रतियागितामा सहभागी भई दोस्रो हुन सफल चिठठी ।)

# विद्यार्थी परिचय



**दीपाशना थापा**

दीपाशना हेटौडा स्कुल अफ म्यानेजमेन्टको कक्षा ११ मा पढ्नुहुन्छ। दीपासना वाणिज्य संकायमा पढ्नुहुन्छ। दिपाशनाको घरमा बाबा र आमा हुनुहुन्छ। दीपाशनाको बाबा शिक्षक हुनुहुन्छ। आमा घरकै गृहणी हुनुहुन्छ। दिपाशनालाई चित्रकलामा धेरै रुचि छ। दीपाशनाले विद्यालय समयदेखि नै चित्र कोर्न सुरु गरिसक्नुभएको थियो। उनले विद्यालयमा उनका शिक्षकमार्फत चित्र कोर्न सिकेकी थिइन्। दिपाशनाको चित्र विभिन्न पत्रिकामा पनि छापिन्छ। दीपाशनाले विभिन्न कार्यक्रमहरूमा उत्कृष्ट भई पुरस्कृत पनि हुनुभएको छ।

दीपाशनाले घरमा आमालाई सरसफाई जस्ता काममा सहयोग गर्ने गर्नुहुन्छ । र बाबालाई कम्प्युटरको काममा सहयोग गर्ने गर्नुहुन्छ हिसाबकिताबको काममा पनि सहयोग गर्ने गर्नुहुन्छ।

दीपाशनाले भविष्यमा आफूले बैंकिङ क्षेत्रमा काम गर्ने इच्छा रहेको बताउनुहुन्छ। र चित्रहरू पनि कोर्दै जाने बताउनुहुन्छ। दीपाशनाको साथीभाइहरू एकदमै मिलनसार हुनुहुन्छ। दीपाशनालाई साथीभाइहरूसँग बस्दा परिवारसँग बसेको जस्तै लाग्छ र परिवार पनि साथीभाई जस्तै एकदमै मिल्ने हुनुहुन्छ। दिपाशना खाली समयमा चित्र कोर्न नै रुचाउनुहुन्छ । दिपाशनालाई चित्र कोर्न सबैजनाले हौसला दिनुहुन्छ । दीपासानाले पोट्रेटहरू बनाउने गर्नुहुन्छ । अरु पनि विद्यार्थीहरूले आफूसँग भएको कलालाई देखाउन जरुरी छ भन्नेबारे बताउनुहुन्छ। कहिले कसो दीपाशना पहिले आफूले अध्ययन गरेको विद्यालय पनि भ्रमण गर्नुहुन्छ। विद्यालयमा आफूले कोरेको चित्र देखेर धेरै खुसी हुने गर्नुहुन्छ ।


**•पैदलयात्रीले सडक पेटीको प्रयोग गर्ने गरौं ।**
**•जेब्रा क्रसिङ प्रयोग गर्ने पैदलयात्रीलाई बाटो काट्न प्राथमिक दिऔं ।**
**•ट्राफिक नियमको पालना गरेर सुरक्षित यात्रा सुनिश्चित गरौं ।**


समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर






**सृष्टि श्रेष्ठ**
**युकेजी, लिटिल बडी प्रिस्कूल**
**हेटौंडा-४**





**दिपासना थापा**
**कक्षा-११, हेटौंडा स्कूल अफ म्यानेज**
**हेटौंडा-४**

## डिप बोरिङ विद्युत महशुल सहायता कार्यक्रममा आवेदन पेश गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशन मिति: २०८१/०७/१४ गते)*

चालू आर्थिक वर्षको डिप बोरिङ विद्युत महशुल सहायता कार्यक्रम अन्तर्गत डिप बोरिङ मिटरमा लाग्ने विद्युत् महशुल रकम सोधभर्ना अनुदान वितरण गर्ने सम्बन्धी यस वडा कार्यालयको मिति २०८१।०६।१६ गतेको निर्णयानुसार यस वडा क्षेत्र भित्रका उपभोक्ता समूह वा समितिबाट सामुदायिक रुपमा संचालनमा रहेको डिप बोरिङ मिटरमा लाग्ने विद्युत् महशुल रकम सोधभर्ना अनुदान उपलब्ध गराउने सम्बन्धमा तपशील बमोजिम शर्तहरुको अधीनमा रही यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित मितिले ३० (तीस) दिन भित्र यस वडा कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू:**
- वडा नं. १६ भित्रका सिंचाई कार्यमा प्रयोग हुने डिप बोरिङ र नियमानुसार जडित विद्युत् मिटर हुनुपर्नेछ ।
- डिप बोरिङ उपभोक्ता समिति वा समूह वा सार्वजनिक रुपमा समुदायद्वारा संचालित र उपभोग गरेको हुनुपर्नेछ ।
- डिप बोरिङ मिटरमा लाग्ने विद्युत् महशुल मासिक रुपमा सम्बन्धित् उपभोक्ता समूह वा समितिबाट सम्बन्धित् निकायमा बुझाएको रसिद पेश भए पश्चात् वडा कार्यालयले सो को सोधभर्ना भुक्तानी व्यहोर्नेछ । तर उक्त सोधभर्ना रकममा विद्युत् मिटर जडान, मर्मत तथा अन्य संचालन खर्च र जरिवाना आदि रकमको सोधभर्ना वडा कार्यालयबाट दिइने छैन ।
- अनुदान प्राप्त गर्ने उपभोक्ता समिति वा समूह छनौट गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार वडा कार्यालयको रहनेछ ।

आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:
- उपभोक्ता समिति । समूह दर्ता वा सूचीकृत भएको एवं नवीकरणका कागजातहरुको प्रतिलिपि ।
- सम्बन्धित् उपभोक्ता समूह वा समितिको निर्णय ।
- निवेदन ।

**हेटौंडा उपमहानगरपालिका**
**१६ नं. वडा कार्यालय**
**हेटौडा, मकवानपुर**

# भलिबलको फाइनलमा गणेश स्थान र आयोजक ‘सी’

समाज संवाददाता

हेटौंडाः हेटौंडा-११ मा जारी टोलस्तरीय वडाध्यक्ष कप भलिबल प्रतियोगिताको फाइनल समीकरण पूरा भएको छ । हेटौंडा-११ स्थित डाङ्डुङ्गे खेलमैदानमा सेमीफाइनल चरणको दुई खेलहरु सम्पन्न भएसँगै प्रतियोगिताको फाइनल समीकरण पूरा भएको हो । पहिलो सेमीफाइनल खेलमा गणेशस्थान टोल विकास संस्था विजयी हुँदै फाइनलमा प्रवेश गरेको छ भने दोस्रो खेलमा दुम्सीडाँडा टोल विकास संस्था विजयी हुँदै फाइनलमा प्रवेश गरेको छ ।

डाङ्डुङ्गेलाई २५-१२ र २५-१६ को सेटले हराउँदै गणेशस्थान टोल फाइनलमा प्रवेश गरेको हो भने दुम्सीडाँडा ‘बी’ लाई २५-९ र २५-२२ को सेटले हराउँदै दुम्सीडाँडा ‘सी’ फाइनलमा प्रवेश गरेको हो । फाइनल खेल बुधबार दिउँसो हुनेछ । दुम्सीडाँडा टोल विकासको आयोजनामा भएको प्रतियोगितामा ११ नम्बर वडाभित्रका ८ वटा टोलहरुको सहभागिता रहेको छ । प्रतियोगिताको उपाधि विजेता टिमले ३० हजार रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगितामा तृतीय हुने टिमले १० हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ ।

विधागत उत्कृष्टतर्फ उत्कृष्ट खेलाडी, उदीयमान खेलाडी, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट सेटर, उत्कृष्ट ब्लकर र उत्कृष्ट स्पाइकरलाई ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिने आयोजकले जानकारी दिएको छ । प्रतियोगिता आयोजनाका लागि करिब २ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

# अचेत कुशवाहको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-१ मा अचेत अवस्थामा फेला परेका पुरुषको उपचारको क्रममा मृत्यु भएको छ । मृत्यु हुनेमा पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिकाका ३१ वर्षीय राज कुमार कुशवाह रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

कुशवाह बिरामी भई अचेत अवस्थामा रहेको भन्ने सूचना प्राप्त हुनासाथ प्रहरी टोली खटी गई उपचारका लागि भरतपुर अस्पताल लगिएको थियो । उपचारको क्रममा कुशवाहको सोमबार बेलुका ७ बजेर २० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । अनुसन्धानका क्रममा कुशवाह ७ वर्षको अघिदेखि देवघाट बस्दै आएकोमा विगत एक वर्षदेखि जन्डिसको बिरामी रहेको भन्ने बुझिएको प्रहरीले जनाएको छ ।

# रुखबाट लडेर घाइते

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिका-७, काँकडाको जंगलमा अरिंगालको गोला टिप्न कोइरालाको रुखमा चढेका बीरबहादुर प्रजा अरिंगालले टोकेपछि रुखबाट लडेर घाइते भएका छन् । सोमबार दिउँसो ४ बजेको समयमा ३३ वर्षीय प्रजा रुखबाट लडेर घाइते हुँदा टाउको र शरीरको विभिन्न भागमा चोट लागेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । प्रजालाई उपचारका लागि चितवन जिल्लाको भरतपुरस्थित एक अस्पतालमा पुर्याइएको छ । घाइते प्रजाको अवस्था मध्यम रहेको प्रहरीले जानकारी दिएको छ ।

# विनयबाबु स्मृति भलिबल आजबाट

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगरपालिकामा विनयबाबु स्मृति भलिबल प्रतियोगिता हुने भएको छ । बिनयबाबु स्मृति प्रतिष्ठानको आयोजनामा तथा थाहा नगरपालिका २ नम्बर वडा कार्यालयको सहयोगमा आज कार्तिक १४ गतेदेखि १७ गतेसम्म सातौं संस्करणको जिल्लास्तरीय रनिङ शिल्ड भलिबल प्रतियोगिता हुने भएको हो । प्रतियोगिता २ नम्बर वडाको फाँटबजारमा हुनेछ ।

प्रतियोगितामा मकवानपुर जिल्लाभका १६ टिमहरुको सहभागिता रहने प्रतिष्ठानका अध्यक्ष शंकर कार्कीले जानकारी दिनुभएको छ । प्रतिष्ठानले दिपावलीको अवसर पारेर विगत ६ वर्षदेखि प्रतियोगिताको आयोजना गर्दै आएको छ । प्रतियोगिताको उपाधि विजेता टिमले ५५ हजार ५ सय ५५ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले २८ हजार ८ सय ८८ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ ।

तृतीय हुने टिमले ११ हजार १ सय ११ रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । गत वर्षको छैठौं संस्करणको प्रतियोगिताको उपाधि मंग्लेश्वर युवा क्लबले जितेको थियो भने आयोजक उपविजेता बनेको थियो ।


## बागमती प्रदेश सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## कृषि विकास निर्देशनालय
## कृषि विकास कार्यालय
भरतपुर, चितवन

**कृषि उद्यमशीलता/मूल्य श्रृंखला विकास/मागमा आधारित जीविकोपार्जन सहयोग कार्यक्रममा सहभागिताका लागि प्रस्ताव/आवेदन आव्हान सम्बन्धी सूचना**

सूचना नं. ३/०८१/८२

(प्रथम पटक प्रकाशित मिति: २०८१/०७/१३)

कृषि विकास कार्यालय, चितवनको आ.व. २०८१/८२ को स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लिखित कृषि विकास कार्यक्रमहरु लागत साझेदारीमा संचालन गर्न यस कार्यालयको कार्यक्षेत्र (चितवन र मकवानपुर जिल्ला) भित्रका इच्छुक योग्य आवेदकले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०८१/०८/०३) कार्यालय समयभित्र देहाय बमोजिमका कागजातहरु संलग्न गरी सम्बन्धित कार्यविधिको अनुसूचि-२ अनुसार निवेदन र अनुसूचि-३ अनुसारको प्रस्तावपत्र तयार गरी कृषि विकास कार्यालय, भरतपुर, चितवनमा कार्यालयको सेवा केन्द्र हेटौंडा, मकवानपुरमा दर्ता गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने ब्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल:**

| क्र.सं. | कार्यक्रमको नाम | लक्षित लाभग्राही वा आवेदक | परिमाण | जम्मा बजेट (रु. लाखमा) | कार्यविधि | न्यूनतम शर्त एवम् मापदण्ड |
|---|---|---|---|---|---|---|
| १ | कृषि उद्यमशीलता विकास कार्यक्रम | निजी कृषि फर्म/कृषि कम्पनि/कृषि उद्यमी | २३ | ४६ | कृषि उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि २०८१ | उत्पादन, प्रशोधन, तथा बजारीकरणसम्बन्धी कार्यविधिको दफा ७ बमोजिमको कुनै क्रियाकलापहरु संचालन गर्नुपर्ने । |
| २ | कृषि उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रम (बाली उत्पादनोपरान्त तथा बजारीकरण सहयोग) | कृषक समूह, कृषि सहकारी, कृषि कार्य गर्ने बहुउद्देश्यीय सहकारी र निजी कृषि फर्म | १ | १० | कृषि, पशुपन्छी तथा मत्स्य उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रम | कार्यान्वयन कार्यविधि-२०८१ कृषि उपजहरुको उत्पादन विविधीकरण, संकलन, प्रशोधन, भण्डारण तथा बजारीकरण सम्बन्धी क्रियाकलापहरु संचालन गर्नुपर्ने । |
| ३ | मागमा आधारित जीविकोपार्जन सहयोग कार्यक्रम | आर्थिक रुपले विपन्न, अल्पसंख्यक, सिमान्तकृत जाति, एकल महिला, दलित एवम् पिछडिएका जातजाति सम्मिलित कृषक समूह, कृषि सहकारी र कृषि फर्म | ३० | ३० | मागमा आधारित जीविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८० | कार्यविधिमा उल्लेख भए बमोजिम । |

०५६-४९३११५

**कार्यालय प्रमुख**



## मकवानपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मक्रान्चुली, मकवानपुर
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८१/०७/१३)

यस मकवानपुरगढी गाउँपालिकाले मिति २०८१/०६/०४ गते प्रथम पटक प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम पेश हुन आएका बोलपत्रहरु उपर मूल्याङ्कन प्रकृया कारबाही गर्दा अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपशिलको बोलपत्र स्वीकृतका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ ७ (सात) दिनका लागि सम्बन्धित सबैमा यो सुचना प्रकाशन गरिएकोमा जानकारी गराईन्छ ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. | ठेक्का विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ. कर समेत) |
|---|---|---|---|---|
| १. | 01/MGRM/NCB/GOODS/2081/082 | सामरी खोला र कार्की खोलाको ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, स्लेट आदि उत्खनन् तथा विक्रि कर संकलन (खानी क्षेत्र बाहेक) | M/S Sagarmatha-Amit J.V Hetauda-1, Makawanpur | रु ४,०२,९३,५७६/९५ |

**प्रमुख प्रशासकीय अधिकृत**



## शिक्षक आवश्यकता

(प्रथम पटक प्रकाशित मिति: २०८१/०७/१४)

बागमती गाउँपालिकाको कार्यालय झुरझुरे मकवानपुरको मिति २०८१/०७/१२ र च. नं. ६२३ को प्राप्त विज्ञापन अनुमति पत्र अनुसार यस विद्यालयमा रिक्त रहेको तपसिलको शिक्षक पदमा पदपूर्ति गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकताबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रीतपूर्वक दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**

**विज्ञापन नम्बर : ०१/२०८१/०८२**

पद: शिक्षक
पद संख्या: १ (एक)
तह: निमावि
विषय: गणित
नियुक्तिको प्रकार: गा.पा. अनुदान
शैक्षिक योग्यता: गणित मूल विषय लिई प्रविणता प्रमाणपत्र उत्तीर्ण गरेको ।
तलब भत्ता: स्थानीय सरकारले तोके बमोजिम ।
उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
दरखास्त दस्तुर: १,०००/–
दरखास्त दिने अन्तिम मिति: २०८१/०७/२८ गते कार्यालय समयभित्र
दरखास्त दिने स्थान: श्री पञ्चकन्या आधारभूत विद्यालय बागमती –४ पाँचपाण्डव मकवानपुर
सम्पर्क मिति: २०८१/०७/२९ गते
परीक्षा हुने मिति: सम्पर्क मितिमा तोकिने छ ।
परीक्षाको किसिम: लिखित, अन्तरवार्ता र प्रयोगात्मक ।

**आवश्यक कागजातहरु :**

नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी २ प्रति
अध्यापन अनुमति पत्रको प्रमाणपत्रको फोटोकपी २ प्रति (तर अनिवार्य नभएको)
शैक्षिक योग्यताको प्रमाणपत्रको फोटाकपी २ प्रति
पुनश्च: रित नपुगेका र म्याद नाघेर आएको दरखास्त स्वीकृत गरिने छैन
सम्पर्क: ९८६९१८३४१९, प्र.अ. ९८६५३७९६८८

**श्री पञ्चकन्या आधारभूत विद्यालय पाँचपाण्डव**
**बागमती गा.पा.–४, मकवानपुर**



**सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं**

रेडियो निकास ९३.४
The Voice of Community








## दीपावली गर्दा सतर्क रहौं’
## दीपावलीको समयमा:

- मैनबत्ती, दियो तथा विद्युतीय बत्ती प्रयोग गर्दा आगजनी हुन सक्छ, त्यसबाट बच्नः
- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- बालबालिकाले भेट्ने गरी दियो, मैनबत्ती लगायतकचा प्रज्वलनशील पदार्थ नराखौं,
- पर्दा वा झ्याल ढोकाको नजिकै तथा काठका फर्निचरमाथि दियो तथा मैनबत्ती नबालौं,
- मैनबत्ती, दियो बालिसकेपछि ननिभेसम्म निगरानी गरौं,
- धेरै विद्युतीय बत्तिको प्रयोग गर्दा ओभरलोडका कारण विद्युत सट भई आगलागी हुन सक्छ,
- एक्सटेन्सन प्लगको क्षमताअनुसार मात्र बत्तिको प्रयोग गरौं,
- पटाका तथा अन्य प्रज्वलनसील वस्तुको प्रयोग नगरौं,

आगजानीबाट बचौं र बचाऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ